जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक २० २०७७ साल साउन २६ गते सोमबार (10 Aug 2020 Monday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : विदेशमा रोकिएका नागरिकलाई... ३ पृष्ठमा : विदेशमा कोरोनाले १ सय ९१... ३ पृष्ठमा : भारतमा कोरोना ...

## सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाद्वारा एक सय शैयाको आइसोलेशन संचालन

**दैनिक समाचारदाता**
**राजविराज, २५ साउन ।**

कोरोना संक्रमितको संख्या बढ्दै गएपछि सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले आफ्नै लगानीमा एक सय शैयाको आइसोलेशन संचालनमा ल्याएको छ ।

तिलाठी कोइलाडी गाउँपालिका २ स्थित पब्लिक उच्च माध्यमिक विद्यालयमा संचालनमा ल्याइएको उक्त आइसोलेशनमा आइतबारसम्ममा सो गाउँपालिकाका २८ जना संक्रमितलाई राखी उपचारको व्यवस्था मिलाइएको छ ।

सो गाउँपालिकामा मात्र अहिलेसम्ममा ८३ जनामा कोरोना संक्रमणको पुष्टि भइसकेको छ । अन्य संक्रमितलाई यसअघि नै राजविराजस्थित साईकृष्णा मेडिकल कलेजमा निर्माण गरिएको आइसोलेशन सेन्टरमा राखिएको छ ।

जिल्लामा दैनिक कोरोना संक्रमित फेला पर्न थालेपछि राजविराजस्थित साईकृष्णा मेडिकल कलेजको १ सय ७८ शैयाको आइसोलेशन भरिभराउ हुन लागेका कारण थप आइसोलेनशको आवश्यकता महसुस गरि गाउँपालिकाले आफ्नै लगानीमा १ सय शैयाको आइसोलेशन सेन्टर निर्माण गरेको गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले जानकारी दिए ।

सप्तरीमा आइतबारसम्ममा कुल संक्रमितको संख्या ५ सय ७२ रहेको छ । जसमध्ये राजविराज नगरपालिकाका सर्वाधिक १ सय १४ जना रहेका छन् । जिल्लामा बढी संक्रमित रहेका स्थानिय तह मध्ये तिलाठी कोइलाडी

*बाँकी अन्तिम पृष्ठमा*

## सप्तरीमा निषेधाज्ञा एकसाताका लागि बढाइयो

**दैनिक समाचारदाता**
**राजविराज, २५ साउन ।**

कोरोना जोखिम न्युनिकरणका लागि सप्तरी जिल्लामा गरिएको निषेधाज्ञा प्रशासनले मंगलबारदेखी एक साताका लागि बढाउने निर्णय गरेको छ ।

जिल्ला सुरक्षा संकट व्यवस्थापन समितिको बैठकले जिल्ला भर कोरोनाको जोखिम अझै कायमै रहेको निष्कर्ष निकाल्दै आगामी भदौं २ गतेसम्मका लागि निषेधाज्ञा थप्ने निर्णय गरेको हो ।

यसअघि स्थानिय प्रशासनले साउन ८ गतेदेखी राजविराज नगरपालिका तथा साउन १४ गतेदेखी जिल्ला भरमैष्ी साउन २६ गते सम्मका लागि निषेधाज्ञा जारि गरेको थियो ।

निषेधाज्ञाको म्याद समाप्त हुन लागेको एक दिन अघि आइतबार बसेको समितिको बैठकले जोखिम कायमै रहेकाले निषेधाज्ञाको म्याद ७ दिने थप्ने निर्णय गरेको छ ।

सप्तरीमा हालसम्म कोरोनाकै कारण दुई जनाको मृत्यु भइसकेको छ भने सोमबारसम्ममा कुल संक्रमितको संख्या ५ सय ७१ रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । निषेधाज्ञाको म्याद थपिएसँगै हिडडुलमा थप कडाई गरिएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
सप्तरी,राजविराज

फोन नं : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स : ०३१-५२०६२४

प.सं. :- २०७७/७८
च.नं. :-

मिति :- २०७७।०४।२५

**जिल्ला प्रशासन कार्यालय ससरीद्वारा जारी गरिएको निषेधाज्ञाको म्याद थप गरिएको सम्बन्धी सूचना**

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जिल्ला सुरक्षा समितिको मिति २०७७।०४।१९ गतेको निर्णयानुसार राजविराज नगरपालिका लगायत ससरी जिल्ला क्षेत्रमा मिति २०७७।०४।२० गते विहान ५:०० बजेबाट मिति २०७७।०४।२६ गते साँझ ५:०० बजे सम्मका लागि निषेधाज्ञा जारी भई कायम रहेको छ । यसै सन्दर्भमा जिल्लामा COVID-19 संक्रमणको अवस्था एवं जोखिम विश्लेषणका आधारमा माथि उल्लेखित ऐनहरुले दिएको अधिकार प्रयोग गरी जिल्ला सुरक्षा समिति र जिल्ला संकट व्यवस्थापन केन्द्रको मिति २०७७।०४।२५ को संयुक्त बैठकको निर्णयानुसार मिति २०७७।०४।२६ सम्म लागू रहेको निषेधाज्ञालाई ससरी जिल्लाको सम्पूर्ण क्षेत्रभरी मिति २०७७।०५।०२ राति ११:०० बजे सम्मका लागि निरन्तरता दिइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । निषेधाज्ञा कार्यान्वयन लगायत सम्बन्धी अन्य सम्पूर्ण व्यहोरा यस कार्यालयद्वारा मिति २०७७।०४।१९ गतेमा प्रकाशित निषेधाज्ञा सम्बन्धी सूचनामा उल्लेख भए बमोजिम यथावत कायम रहेको जानकारी समेत गराइन्छ ।

निषेधाज्ञा कार्यान्वियनमा दिनु भएको साथ र सहयोगका लागि सम्पूर्ण ससरीबासीमा धन्यवाद प्रकट गर्दै आगामी दिनमा पर्ने कृष्णाष्टमी लगायतका कुनै पनि धर्मको कुनै पनि चाडपर्व मनाउँदा यस निषेधाज्ञाको बर्खिलाप नहुने गरी आ-आफ्नो घरमै सुरक्षित साथ मात्र त्यस्ता चाडपर्व मनाउन हुन समेत अनुरोध छ ।

शंकरहरि आचार्य
प्रमुख जिल्ला अधिकारी




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit Quick & Easy
prabhu Money Transfer
City Express Money Transfer
IME International Money Express
IME pay wallet
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय

# महामारी फैलिदै सतर्क रहनु आवश्यक

सप्तरी जिल्लामा कोरोना संक्रमितको संख्या दिनानुदिन बढ्दै गइरहेको छ । समुदायस्तरमा फैलिएको कोरोना संक्रमणका कारण अहिले जिल्लाको सदरमुकाम राजविराजमा ६ दर्जन बढी व्यक्तिहरु संक्रमित भइसकेका छन् । एक स्थानिय व्यापारीको कोरोना संक्रमणका कारण मृत्यु भएपछि उनकै सम्पर्कमा आएका दर्जनौं व्यक्तिमा संक्रमण सरेको हो । यस बाहेक भारतसँगको खुल्ला सीमा नाकाले गर्दा पनि लुकिछिपी भारतबाट आएका व्यक्तिहरुबाट पनि संक्रमण फैलिदै गएको छ ।

यता खुल्ला सीमानाकामा प्रहरी प्रशासनले निगरानी गरिरहँदा पनि भारतबाट लुकेर पनि मानिसहरु आवतजावत गर्दै छन् । लुकेर भारतीय बजारबाट किनमेल गरेर नेपाल फर्किएपछि उनीहरु संक्रमित हुनेगरेका छन् । तर, यसको खबर प्रहरी प्रशासनलाई हुँदैन् । त्यस्तै रोजागरीका लागि भारत गएकाहरु पनि लुकिछिपी रातीको समयमा नेपाल प्रवेश गर्नाले उनीहरु भारतमै संक्रमित भएपनि नेपालमा खुलेआम घुमफिर गर्ने गरेका छन् ।

भारतबाट आउनेहरुलाई कडा निगरानी गर्नु प्रहरी प्रशासनको मात्र काम नभएर आमजनताको पनि हो । तसर्थ त्यस्ता व्यक्तिहरु देख्ने बित्तिकै सम्बन्धीत निकायलाई खबर गरि आफू र अरुलाई पनि महामारी फैलिनबाट जोगाउन सबैको दायित्व हो ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विदेशमा रोकिएका नागरिकलाई नेपाल फर्काउने क्रम जारी

टेक्सस, २५ साउन (रासस) ।

कोभिड-१९ का कारण विश्वमा उत्पन्न जटिल परिस्थितिले गर्दा नियमित अन्तर्राष्ट्रिय हवाई सेवा स्थगित हुँदा विभिन्न देशमा रोकिएका नागरिकलाई नेपाल फर्काउने क्रम जारी रहेको छ । विभिन्न देशमा रहेका नेपाली दूतावास, कूटनीतिक निकाय र गैरआवासीय नेपाली सङ्घबीचको सहकार्यमा हालसम्म ५८ देशबाट ४६ हजार ३१२ जना नेपाल फर्किएका छन् । नेपाल फर्किएका सबैभन्दा धेरै संयुक्त अरब इमिरेट्सबाट १२ हजार ५०१ जना रहेको गैरआवासीय नेपाली सङ्घले जनाएको छ ।

यसैगरी साउदी अरेबियाबाट छ हजार ९९७, मलेसियाबाट छ हजार ७९४, कुवेतबाट छ हजार ३२९ र कतारबाट पाँच हजार २५१ जना नेपाल फर्किसकेको सङ्घले जानकारी दिएको छ । सङ्घका अनुसार अफगानिस्तानबाट ३३, ओमानबाट ६३६, बर्माबाट २६, थाइल्यान्डबाट ३२६, दक्षिण कोरियाबाट ७२०, बङ्गलादेशबाट ८४१, माल्दिभ्सबाट ७०९, सिङ्गापुरबाट २९७, हङकङबाट ८९, पाकिस्तानबाट ७२, बहराइनबाट ९८०, अमेरिकाबाट ४२३, बेलायतबाट २२९, इजरायलबाट १२७, चीनबाट २०८, टर्कीबाट ११० जना स्वदेश फर्किएका छन् ।

फिलिपिन्सबाट २०१, स्विट्जरल्यान्डबाट १०, इराकबाट ३९, दक्षिण सुडानबाट २५०, सेन्ट्रल अफ्रिकन रिपब्लिकबाट ६८, श्रीलङ्काबाट पाँच, जापानबाट एक हजार २३ जना स्वदेश फर्किएका छन् । भारतबाट हवाई उडानमार्फत ८५ जना स्वदेश फर्किएका छन् । सङ्घले उल्लेख गरेको तथ्याङ्कमा स्थलमार्ग हुँद नेपाल आएकाहरूको तथ्याङ्क भने समेटिएको छैन ।

यसैबीच विभिन्न देशमा मृत्यु भएका २४६ जना नेपालीको शव नेपाल ल्याई परिवारलाई बुझाइएको छ । १७२ को मृत्यु भएको देशमै अत्येष्टिका लागि परिवारबाट सहमति प्राप्त भएको पनि बताइएको छ । अब ७६ शव नेपाल ल्याउन बाँकी रहेको बताइएको छ । यस्तै गैरआवासीय नेपाली सङ्घले जनाएअनुसार सङ्क्रमणका कारण विदेशमा मात्र १९१ जना नेपालीको निधन भएको छ । गैरआवासीय नेपाली सङ्घका अनुसार भारतमा गत साता थप दुई जनाको कोरोनाका कारणले निधन भएको छ ।

शनिबार साँझसम्म नेपालसहित विश्वभर २६४ जना नेपालीको कोरोना भाइरसले ज्यान लिएको गैरआवासीय नेपाली सङ्घले जनाएको छ । गैरआवासीय नेपाली सङ्घअन्तर्गतको स्वास्थ्य समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार यो साता प्राप्त तथ्याङ्कअनुसार यो साता भारत, अष्ट्रेलिया, बेल्जियम, पोल्यान्ड, फ्रान्स, कतार, साउदी अरेबियामा रहेका नेपालीहरूमा थप नयाँ सङ्क्रमण देखिएको छ ।

सङ्घको स्वास्थ्य समितिलाई उद्धृत गर्दै सङ्घको कोभिड-१९ उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जारी गर्नुभएको प्रेस विज्ञप्तिका अनुसार गत हप्ताको तुलनामा मध्यपूर्वका देशहरू कतार, युएई, साउदी अरबलगायत देशमा कोरोना सङ्क्रमणको दरमा कमी आएको छ । यो साता अष्ट्रेलिया रहेका १४६ जना नेपालीमा नयाँ सङ्क्रमण थपिएको समितिले जनाएको छ ।

समितिका अनुसार गत साता लग्जेम्वर्गमा रहेका नेपालीहरूमा सामूहिक रूपमा देखिएको कोरोना सङ्क्रमितहरू सङ्क्रमणमुक्त हुँदै गएका छन् । सङ्घका अनुसार लग्जेम्वर्गमा करीब दुई दर्जन नेपालीमा कोरोना सङ्क्रमण रहेको र बाँकी आइसोलेसनमा रहेका छन् । लग्जेम्वर्गमा थप सङ्क्रमण देखिएको छैन् । विश्वमा ३८ देशमा रहेका नेपालीहरू कोरोना भाइरसबाट सङ्क्रमित भएको सङ्घले जनाएको छ ।

**सात प्रदेशमा अस्थायी सेल्टर निर्माणको अवधारणा**

गैरआवासीय नेपाली सङ्घले नेपालको सातवटै प्रदेशमा अस्थायी आश्रयस्थल भवन निमार्णको अवधारणा अघि सारेको छ । विभिन्न समयमा आउने प्राकृतिक विपत्तिदेखि लिएर अन्य कारणले घरवारविहीन हुन परेकालाई अस्थायी रूपमा आश्रय दिने प्रयोजनले अस्थायी आश्रयस्थल भवन निर्माणको अवधारणा अघि सारिएको सङ्घले जनाएको छ ।

नेपाल सरकार हुँदै प्रदेश सरकारहरूसँगको सहकार्यमा अस्थायी आश्रयस्थल निर्माण गर्ने गरी अवधारणा अघि सारिएको सङ्घकी महिला उपाध्यक्ष एवं सङ्घको वन एनसिसी वन च्यारिटी प्रोजेक्टकी प्रमुख रविना थापाले जानकारी दिनुभयो ।

केन्द्रीय प्रदेश हुँदै स्थानीय सरकारसँगको समन्वयमा सातवटै प्रदेशमा अस्थायी आश्रयस्थल बनाउने बारे सङ्घले अवधारणा अघि सारेको जानकारी दिनुहुँदै उपाध्यक्ष थापाले अहिले यो योजना प्रारम्भिक चरणमा रहेको बताउनुभयो । स्थानीय सरकारले जग्गा उपलब्ध गराउने र त्यसमा भवन निर्माण एनआरएनएले गरिदिने अवधारणा रहेको बताउँदै उहाँले एउटा भवन बनाउन करीब १ करोडको खर्च अनुमान गरिएको जानकारी दिनुभयो ।

'समयसमयमा आउने प्राकृतिक विपत्तिका कारण घरवारविहीन भएकाहरूदेखि लिएर अहिले नै पनि कोरोना सङ्क्रमितहरूलाई क्वारेन्टिनमा राखौँभन्दा पनि हामीसँग त्यस्तो कुनै संरचना छैन । यसबाहेक पनि विदेशबाट अहिले फर्किएकाहरूलाई राख्नका लागि पनि हामीसँग कुनै पूर्वाधार छैन । एनआरएनएकी उपाध्यक्ष थापाले भन्नुभयो, "कुनै पनि कारणले घरवारविहीन हुन परेकाहरूलाई अस्थायी रूपमा बसोबासको प्रबन्ध गराउनका लागि एउटा अस्थायी सेल्टरको आवश्यकता देखेर यसका लागि एनआरएनएले अवधारणा अघि सारेको हो । यस्ता सेल्टरहरू निर्माणले समस्यामा परेकाहरूलाई अस्थायी रूपमा व्यवस्थापनका लागि सहज हुन्छ भने सरकारले चाहँदा पनि 'सर्ट टर्म'का लागि प्रयोग गर्न सक्ने पूर्वाधारका रूपमा यो रहन्छ ।"

प्रदेशको पायक पर्ने स्थानमा यस्ता सेल्टरहरू निर्माण गर्नका लागि सङ्घले चरणबद्ध रूपमा प्रक्रिया अघि बढाउने र त्यसका लागि आवश्यक पर्ने सहयोग एनआरएनहरूबाटै सङ्कलन गर्ने लक्ष्य रहेको सङ्घकी उपाध्यक्ष थापाले जानकारी दिनुभयो । निर्माण सङ्घले गर्ने भए पनि सञ्चालन सरकार वा सरकारका अङ्ग मातहत गर्न सक्दा सहज हुने भएकाले त्यसरी संरचनाको विकास गरिने बताउँदै थापाले अहिले यो प्रारम्भिक चरणमा रहेको उल्लेख गर्नुभयो । विश्वभरि रहेका सङ्घका राष्ट्रिय समन्वय परिषद्हरू र एनआरएनहरूबाट नेपालमा एकत्रित ढङ्गबाट सेवामूलक कार्यमा लगानी गर्नका लागि सङ्घले दूरगामी महत्वका योजनाहरू अघि बढाइरहेको उपाध्यक्ष थापाले बताउनुभयो ।

# स्थानीय तहको समन्वयमा आइसोलेसन र क्वारेन्टिन थप गरिने

काठमाडौँ, २५ साउन (रासस) ।

सरकारले मुलुकभर आइसोलेसन र क्वारेन्टिनको अभाव देखिएकाले स्थानीय तहको समन्वयमा थप व्यवस्था गर्ने निर्णय गरेको छ ।

कोभिड–१९ क्राइसिस म्यानेजमेन्ट सेन्टर (सीसीएमसी) को आइतबार बसेको बैठकले काठमाडौँ उपत्यकालगायत देशका अधिकांश जिल्लामा सङ्क्रमितको सङ्ख्या बढ्दै गएकाले त्यसको व्यवस्थापनका लागि थप आइसोलेसन कक्ष थप गर्ने निर्णय गरेको हो ।

बैठकले स्थानीय तह र जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको समन्वयमा आइसोलेसन र क्वारेन्टिनको थप व्यवस्था गर्ने निर्णय गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव महेन्द्रप्रसाद गुरागाईंले जानकारी दिनुभयो ।

सरकारले तोकेका स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड प्रयोग नगर्दा सङ्क्रमणको जोखिमसँगै मृत्युदर बढेको निष्कर्ष पनि बैठकले निकालेको छ । अत्यावश्यक कामबाहेक घरबाट बाहिर ननिस्किन र निस्कनै परे स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्ड पालना गर्न पनि बैठकले आग्रह गरेको सचिव गुरागाईले जानकारी दिनुभयो ।

सङ्क्रमितको सङ्ख्या बढ्दै गएको अवस्थामा सर्वसाधारण, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, उद्योगी तथा व्यवसायी सबैलाई सुरक्षित रहन सचिव गुरागाईंले आग्रह गर्नुभयो ।

यस्तै आगामी भदौ १ गतेदेखि हवाई सेवा, लामो दूरीको सार्वजनिक यातायातसमेत सञ्चालन गर्ने निर्णय सरकारले गरे पनि सङ्क्रमणको दर बढ्दै गएको अवस्थामा के गर्ने भन्ने विषयमा भने आइतबार कुनै निर्णय नभएको उहाँले जानकारी दिनुभयो । बैठकमा मुलुकको पछिल्लो अवस्थाको बारेमा महत्वपूर्ण विचार विमर्श भएको थियो ।

स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्ड पालना गराउन, स्थानीय तहले नै आवश्यक संयन्त्रको परिचालन गर्न र त्यसका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच थप समन्वय गर्नुपर्ने विषयमा समेत बैठकमा छलफल भएको बुझिएको छ ।

# खैरो हिरोइनसहित ६ पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २५ साउन ।**

लागुऔषध खैरो हिरोइनको कारोवार गरिरहेको अवस्थामा प्रहरीको टोलीले सिरहाको गोलबजार नगरपालिका ६ दोशटियाबाट ६ जनालाई पक्राउ गरेको छ ।

खैरो हिरोइनको कारोवार भइरहेको गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरी टोलीले दोहटियास्थित पाण्डव गुप्ताको घरमा लागुऔषध खैरो हिरोइनको कारोवार गरिरहेका गुप्तासहित ६ जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा २८ वर्षीय गुप्तासहित स्थानीय २२ वर्षीय सुरज परियार, २० वर्षीय रोशन लामा, २० वर्षीय सैफली खान, १९ वर्षीय विवेक श्रेष्ठ, १९ वर्षीय शिरिल महरा रहेको प्रहरीले जनाएको छ ।

बिक्री वितरणका लागि लुकाइछिपाई सेतो प्लाष्टिकको ससाना पाँच पोका, कालो प्लाष्टिकको एउटा ठूलो पोकामा रहेको एक ग्राम ४०० मिलीग्राम र फ्लाष्टिकबाहेक एक ग्राम २०० मिलीग्राम खैरो हिरोइन बरामद भएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक विनोद घिमिरेले जानकारी दिएका छन् ।

यता पक्राउ परेका सबैलाई इलाका प्रहरी कार्यालय गोलबजारमा राखेर थप अनुसन्धान अघि बढाइएको प्रहरी नायब उपरीक्षक घिमिरेले बताए ।

# विदेशमा कोरोनाले १ सय ९१ नेपालीको निधन

काठमाडौँ, २५ साउन (रासस)।

कोरोना भाइरस सङ्क्रमणबाट हालसम्म विदेशमा १९१ जना नेपालीको अकालमा निधन भएको छ। गैरआवासीय नेपाली सङ्घका अनुसार पछिल्लो समय भारतमा थप दुई जना नेपालीको निधन भएको थियो। शनिबार साँझसम्म नेपालसहित विभिन्न देशमा २६४ नेपालीको कोरोनाकै कारणले निधन भैसकेको छ।

सङ्घअन्तर्गतको स्वास्थ्य समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार यस साता भारत, अष्ट्रेलिया, बेल्जियम, पोल्याण्ड, फ्रान्स, कतार, साउदी अरेबियामा रहेका नेपालीमा थप सङ्क्रमण देखिएको छ। गत साताको तुलनामा मध्यपूर्वका देशहरू कतार, युएई, साउदी अरबलगायतमा कोरोना सङ्क्रमणको दरमा कमी आएको छ। यस साता अष्ट्रेलिया रहेका १४६ नेपालीमा नयाँ सङ्क्रमण थपिएको समितिले जनाएको छ।

समितिका अनुसार गत साता लग्जेम्वर्गमा रहेका नेपाली सङ्क्रमितहरू सङ्क्रमणमुक्त हुँदै गएका छन्। विश्वका ३८ देशमा रहेका नेपालीहरू कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्। तीमध्ये १६ देशमा रहेका नेपालीको कोरोनाका कारणले निधन भएको छ। कोरोना भाइरसका कारण बेलायत, युएई, साउदी अरब, बहराइन, कुवेत, कतार, आयरल्याण्ड, जापान, टर्की, नेदरल्याण्ड र स्वीडेन, भारत, नेपाल, साउथअफ्रिकालगायतका देशमा रहेका नेपालीको निधन थियो। हालसम्म नेपालसहित विदेशमा रहेका ५५ हजार ९२५ जनामा कोरोना सङ्क्रमण देखिएको छ। ती मध्ये ४७ हजार ४३७ कोरोना सङ्क्रमणबाट मुक्त भएका जनाइएको छ।

**उद्धार जारी**

विदेशमा अलपत्र नेपालीको गैरआवासीय नेपाली सङ्घ, नेपाली राजदूतावास र कूटनीतिक नियोगबीचको सहकार्यमा ५८ देशबाट अलपत्र परेका ४६ हजार ३१२ जनाको उद्धार गरिएको छ। ती मध्ये सबैभन्दा धेरै संयुक्त अरब इमिरेट्स १२ हजार ५०१, साउदी अरेबिया छ हजार ९९७, मलेसियाबाट छ हजार ७९४, कुवेत छ हजार ३२९, कतार पाँच हजार २५१, अफगानिस्तान ३३, ओमान ६३६, म्यानमार २६, थाइल्याण्ड ३२६, दक्षिण कोरिया ७२०, बङ्गलादेश ८४१, माल्दिभ्स ७०९, सिङ्गापुर २९७, हङकङ ८९, पाकिस्तान ७२, बहराइन ९८०, अमेरिका ४२३, बेलायत २२९, इजरायल १२७, चीन २०८ र टर्कीबाट ११० जना नेपाली स्वदेश फर्किएका छन्।

फिलिपिन्स २०१, स्वीट्जरल्याण्ड १०, इराक ३९, दक्षिण सुडान २५०, सेन्ट्रल अफ्रिकन रिपब्लिक ६८, श्रीलङ्का पाँच, जापानबाट एक हजार २३ जना स्वदेश फर्किएका छन्। भारतबाट हवाई उडानमार्फत ८५ जना स्वदेश फर्किएका छन्। तर स्थलमार्ग हुँदै भारतबाट आएकाहरूको तथ्याङ्क यकिन छैन।

विदेशमा विविध कारण मृत्यु भएका २४६ जनाको शव स्वदेश ल्याई परिवारलाई बुझाइएको छ। हालसम्म १७२ जनाको गन्तव्य मुलुकमै अत्येष्टीका लागि सहमति प्राप्त भएको छ। विदेशमा मृत्यु भएका ४९४ जनामध्ये अझै ७६ जनाको शव नेपाल ल्याउन बाँकी छ।

# मुख्यमन्त्री राउतको नेतृत्वको टोलीद्वारा विशेष प्याकेजको माग

जनकपुर, २५ साउन (रासस)।

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतसहितको टोलीले आइतबार प्रदेश नं २ मा कोरोना भाइरसको सङ्क्रमण नियन्त्रणका लागि सङ्घीय सरकारलाई ध्यानाकर्षण गराएको छ।

मुख्यमन्त्री राउतको नेतृत्वमा सामाजिक विकासमन्त्री नवलकिशोर साह र मुख्य न्यायाधिवक्ता दीपेन्द्र झासहितको टोलीले आइतबार काठमाडौँमा उपप्रधानमन्त्री ईश्वर पोखरेल, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भानुभक्त ढकाल र श्रममन्त्री रामेश्वर रायसँग भेट गरी कोरोना भाइरस रोकथामका लागि विशेष प्याकेज ल्याउन आग्रह गरेको मुख्यमन्त्री सञ्चार सचिवालय प्रदेश नं २ ले जनाएको छ।

सो टोलीले प्रदेश नं २ अहिलेको अवस्थामा अतिप्रभावित भएकाले तत्काल विशेष प्याकेज ल्याउन आग्रह गरेको छ। सो अवसरमा मुख्यमन्त्री राउतको टोलीले प्रशासन तथा सुरक्षा निकायलाई थप चुस्त दुरुस्तरुपले काम गर्नुपर्ने तथा सीमा क्षेत्रमा थप कडाइ गर्नुपर्नेतर्फ विशेष ध्यान दिनुपर्ने विषयमा चासो राखेको थियो।

उक्त अवसरमा उपप्रधानमन्त्री पोखरेलले वीरगञ्ज नेशनल मेडिकल कलेजमा कोभिड उपचारका लागि ५०० शयायाको आइसोलेशन कक्ष तुरन्त व्यवस्थापन गर्नेगरी सङ्घीय सरकारबाट निर्णय गरिने सम्बन्धमा सुनिश्चितता गर्नुभएको सो सचिवालयले जनाएको छ।

यस प्रदेशका लागि तत्काल ५० हजार भिटिएम रिजेन्टको उपलब्धता तथा पिसिआर परीक्षणका लागि दुई वटा आरएनए मेसिन उपलब्ध गराउनेबारेसमेत छलफल भएको छ। मुख्यमन्त्री राउतले प्रदेश नं २ मा रहेका गम्भीर बिरामीलाई तत्काल काठमाडौँ ल्याउने गरी हेलिकप्टर तम्तयारी राख्न र कोरोना उपचार सम्बन्धमा कुनै कमी हुन नदिनका लागि चिकित्सकको विशेषज्ञ टोली तत्काल पठाउन तथा सबै निजी अस्पतालमा कम्तीमा २० प्रतिशत आइसोलेशन शयया उपलब्ध गराउनसमेत ध्यानाकर्षण गराउनुभएको छ।

नारायणी अस्पताललाई सामान्य अस्पतालका रुपमा राख्ने तथा बिरामी भर्ना एवं उपचारमा लापरवाही गर्ने निजी अस्पताललाई कारवाही गर्ने विषयमा समेत सहमति जुटेको सो सचिवालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

## कोरोनासँग मिल्दो लक्षण देखिएका दुईको मृत्यु

धनुषा, २५ साउन (रासस)।

कोरोनासँग मिल्दोजुल्दो लक्षण देखिएका दुई जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा एक जना अस्पतालका चौकीदार र अर्का नेपाली काँग्रेसका नेता छन्।

धनुषाको मिथिला विहारी नगरपालिका-५ घर भएका ४५ वर्षीय पुरुषको एक्कासि ज्वरो र

*बाँकी अन्तिम पृष्ठमा*


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**

**शाखा : सिंहदरबार परिसर**

**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**

**खाना नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

### भारतमा कोरोना संक्रमित २१ लाख ५३ हजार

नयाँदिल्ली, २५ साउन (रासस/एएनआई)।

भारतमा विगत २४ घण्टाको अवधिमा कोरोनाभाइरस सङ्क्रमित व्यक्तिको संख्या ६४ हजार ३९९ जना रहेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार २४ घण्टाको अवधिमा कोरोनाभाइरस सङ्क्रमित व्यक्तिमध्ये ८६१ जनाको मृत्यु भएको छ। भारतमा यो सहित मृत्यु भएका व्यक्तिको कूल संख्या ४३ हजार ३७९ पुगेको छ। साथै कूल सङ्क्रमितको संख्या पनि २१ लाख ५३ हजार नाघेको छ।

स्वास्थ्य अधिकारीले कूल सङ्क्रमितमध्ये १४ लाख ८० हजार ८८५ जना निको भएर डिस्चार्ज भएका छन्। अहिले पनि छ लाख २८ हजार ७४७ जना विभिन्न स्वास्थ्य केन्द्रमा उपचार गराइरहेका छन्। भारतीय चिकित्सा अनुसन्धान परिषदले अगष्ट ८ का दिन सात लाख १९ हजार ३६४ जनाको परीक्षण गरिएको जनाउँदै कोरोना सङ्क्रमण देखिन थालेयता हालसम्म कूल दुई करोड ४१ नमुना परीक्षण गरिएको बताएको छ।

### ब्राजिलमा एक लाखको मृत्यु, विश्वभर एक करोड ९८ लाख संक्रमित

रियो दी जेनेरो, २५ साउन (रासस/लस्एएफपी)।

दक्षिण अमेरिकी मुलुक ब्राजिलमा कोरोनाभाइरस सङ्क्रमितमध्ये एक लाखभन्दा बढी व्यक्तिको मृत्यु भएको छ। स्वास्थ्य अधिकारीका अनुसार ब्राजिलमा ३० लाखभन्दा बढी मानिस कोरोना सङ्क्रमित छन्। करिब २१ करोड २० लाख जनसंख्या रहेको ब्राजिल विश्वमै सबैभन्दा बढी कोरोना प्रभावित मुलुकमध्ये दोस्रो हो। पहिलो सर्वाधिक असर परेको मुलुक संयुक्तराज्य अमेरिका हो। ब्राजिलमा पछिल्लो २४ घण्टामा ९०५ जनाको ज्यान गएको छ भने एकै दिन ४९ हजार ९७० जनामा सङ्क्रमण देखिएको छ।

### चीनमा एकै वर्ष एक हजार ३१० किलोमिटर रेलवे विस्तार

बेइजिङ, २५ साउन (रासस/सिन्ह्वा)।

चीनमा गत जुलाई महिनाको अन्त्यसम्ममा कूल एक लाख ४१ हजार ४०० किलोमिटर रेलसेवाको सञ्जाल विस्तार भएको छ। राष्ट्रिय रेलवे कर्पोरेसनका अनुसार उक्त सञ्जालमध्ये देशभर ३६ हजार किलोमिटर उच्च गतिको रेलसेवा रहेको छ। कर्पोरेसनले जुलाईमा मात्र चिनियाँ रेलवेको चल सम्पत्तिमा नौ अर्ब ६७ करोड अमेरिकी डलर लगानी गरिएको जनाएको छ। पछिल्लो समय चीनले ठूला र मध्यम क्षमताका रेलको विस्तारमा बढी लगानी गरेको छ। रेलसेवाको विस्तार र सुधारमा अघिल्लो वर्षको तुलनामा यस वर्ष करिब ११.३ प्रतिशतले बढी खर्च गरिएको कर्पोरेसनले जनाएको छ। पहिलो सात महिनाको अवधिमा एक हजार ३१० किलोमिटर नयाँ रेलवे लाइन शुरु भएको छ जसमा ७३३ किलोमिटर उच्चगतिको रेलवे समेत रहेको कर्पोरेसनले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

### महिन्दा राजापाक्ष श्रीलंकाको नयाँ प्रधानमन्त्री नियुक्त, सपथ सम्पन्न

कोलम्बो, २५ साउन (रासस/सिन्ह्वा)।

श्रीलङ्का पोदुजाना पेरामुना पार्टीका नेता एवं पूर्वराष्ट्रपति महिन्दा राजापाक्षले आइतबार श्रीलङ्काको प्रधानमन्त्री पदको सपथ लिनु भएको छ। संसद्को निर्वाचनमा पेरामुना पार्टीले भारी बहुमत प्राप्त गरेसँगै महिन्दा राजापाक्ष प्रधानमन्त्रीमा नियुक्त हुनु भएको हो।

राजापाक्षले श्रीलङ्काको राजधानी कोलम्बोको बाहिरी इलाकामा रहेको केलानीया बौद्ध मन्दिरमा आयोजित भव्य समारोहमा प्रधानमन्त्री पदको सपथ लिनुभएको थियो। सपथ कार्यक्रममा कुटनीतिक समुदायका व्यक्ति तथा सत्तापक्ष र विपक्षी दलका सांसदको उपस्थिति थियो।

राजापाक्षले श्रीलङ्कामा यो सहित चौथो पटक प्रधानमन्त्री पदको सपथ लिनु भएको छ। राजापाक्षको दल पेरामुनाले गत अगष्ट ५ मा सम्पन्न चुनावमा २२५ सदस्यीय संसद्मा १४५ स्थानमा जितेको थियो। उहाँको नयाँ मन्त्रिपरिषद् यही साताको अन्त्यसम्ममा घोषणा हुनेछ।

श्रीलङ्काली निर्वाचन आयोगका अनुसार गत बुधबार सम्पन्न चुनाव श्रीलङ्काको इतिहासमै पहिलो पटक सर्वाधिक शान्तिपूर्वकरुपमा सम्पन्न भएको थियो। कोरोनाभाइरसको महामारीका बाबजूद यस चुनावमा करिब ७१ प्रतिशत मतदान भएको थियो।

श्रीलङ्काली राष्ट्रपति गोटाबाया राजापाक्षका अनुसार नयाँ संसदको बैठक आगामी अगस्ट २० मा शुरु हुनेछ। श्रीलङ्काली इतिहासमा भाइ गोटाबाया राष्ट्रपति र दाइ महिन्दा राजापाक्ष एकै पटक मुलुकका दुई सर्वोच्च राजनीतिक पदमा पुग्नु भएको छ।

*सप्तरीको तिलाठी ...*



गाउँपालिका दोश्रो स्थानमा छ। उक्त गाउँपालिकामा हालसम्म संक्रमितको संख्या ८३ पुगेको छ।

स्वच्छ खाने पानी, शौचालयलगायतका सुविधाका साथै एउटा निश्चित स्थानमा भोजन पकाएर सुरक्षित रुपमा संक्रमितहरु समक्ष पुऱ्याउने व्यवस्था मिलाइएको र आइसोलेशनमा २ स्वास्थ्यकर्मीसहित ९ जना कर्मचारी परिचालित रहेको गाउँपालिका विपद् व्यवस्थापन अधिकृत राजेश झाले बताए।


# सूचना

**नोभल कोरोना भाईरस (कोभिड(१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# कर्मचारीमा संक्रमण पुष्टिपछि बैंक बन्द

**दैनिक समाचारदाता**
**सिरहा, २५ साउन।**

ग्लोबल आइएमई बैंक लहान शाखामा कार्यरत एक ३४ वर्षीय कर्मचारीमा शनिबार साँझ कोरोना सङ्क्रमण पुष्टि भएपछि सो बैंकलाई सिल गरिएको छ।

सो शाखामा कार्यरत कर्मचारीलाई हाल लहानस्थित एक होटलमा क्वारेन्टिमा राखिएको छ।

रुघाखोकी र ज्वरोसहितको लक्षण देखिएपछि परीक्षण गर्दा कोरोना सङ्क्रमण देखिएको महोत्तरी घर भएका ती कर्मचारी भने अहिले जनकपुरस्थित प्रादेशिक अस्पतालको आइसोलेसन रहेका छन्।

सङ्क्रमित ती कर्मचारी केही दिनअघि लहानस्थित आन्तरिक राजश्व कार्यालयमा रहेको बैंकको काउन्टरमा बसेकाले आन्तरिक राजश्व कार्यालयका कर्मचारीलाई समेत क्वारेन्टिनमा राखिएको छ। बैंकका कर्मचारीमा सङ्क्रमण पुष्टि भएसँगै आन्तरिक राजश्व कार्यालयले कार्यालयको सम्पूर्ण कार्य बन्द गरेको छ।

कार्यालय प्रमुख कमलबहादुर राजलवटले सूचना प्रकाशन गरी यो विषम परिस्थितिमा कार्यालयका कर्मचारीको पिसिआर परीक्षण गर्नुपर्ने र त्यसको रिपोर्ट नआएसम्म कार्यालयको कामकाज बन्द गरिएको जानकारी दिएका छन्।

यस्तै सशस्त्र प्रहरी बेस क्याम्पमा कार्यरत एक सशस्त्र प्रहरी जवानमा कोरोना सङ्क्रमण पुष्टि भएपछि बेस क्याम्पमा कार्यरत सशस्त्र प्रहरी नायब उपरीक्षकसहितका सशस्त्र प्रहरीलाई क्याम्पभित्रै क्वारेन्टिनमा राखिएको छ।

सङ्क्रमित बैंकका कर्मचारी तथा सशस्त्र प्रहरीको कन्ट्र्याक्टमा आएकाको पनि पहिचान गरी पिसिआर परीक्षणका लागि स्वाब सङ्कलन गरिने तयारी भइरहेको स्वास्थ्य कार्यालय सिरहाले जनाएको छ।

*कोरोनासँग मिल्दो ...*

रुघाखोकीका साथै श्वास फेर्न समस्या भएपछि शनिबार राति उपचारका लागि ल्याउने क्रममा मृत्यु भएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले जानकारी दिनुभयो। प्रजिअ भट्टराईका अनुसार उनको शव सोही अस्पतालमा राखिएको र स्वाब सङ्कलन गर्ने काम भइरहेको छ। बिदामा गएका बेला उनी अचानक बिरामी भएका थिए।

त्यसैगरी धनुषाकै शहीद नगरपालिका-८ का ५० वर्षीय नेपाली काँग्रेसका नेताको पनि जनकपुरधामस्थित काव्य अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ। श्वासप्रश्वासमा समस्या देखिएपछि उनलाई अस्पतालमा भर्ना गरिएको थियो। उपचारकै क्रममा मृत्यु भएका उनको पनि स्वाब सङ्कलन गर्ने काम भइरहेको प्रजिअ भट्टराईले जानकारी दिनुभयो।

धनुषामा यसअघि एक जनाको कोरोना सङ्क्रमित भएर मृत्यु भइसकेको छ। दुई साताअघि शहीद नगरपालिका-८ का ३६ वर्षीय पुरुषको कोरोना सङ्क्रमणले मृत्यु भएको थियो।


# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता – **प्रेम कुमार यादव**
**अध्यक्ष**
**राजविराज नगरपालिका वडा नं. ६**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

ipay remit
City Express Money Transfer — Money Transfer Made Easy
Best Remit — Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit — हिमालरेमिट
CG Money — CHAUDHARY GROUP

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*